# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : विशेष र समपुरक अनुदानको लागि आयोजना छनौट ।**

**निर्णयः** विशेष र समपुरक अनुदानको लागि तपसिल बमोजिमको आयोजना सिफारिस गर्ने ।

### तपसिलः

### सङ्घीय अनुदान (विशेष)

| क.सं. | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | ल्याण्डफिल साइट निर्माण | ६ | क्रमागत |
| २ | धर्मशाला सिंचाई योजना | ५ | |
| ३ | लय डाँडा पहिरो नियन्त्रण योजना | ६ | |

### सङ्घीय अनुदान (समपुरक)

| क.सं. | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | घिमिरेथुम्का मछेडी पलाङखर्क सडक स्तरउन्नती | ७ | |
| २ | जंगारे स्यालटार ड्युनीपोखरी कल्लेरी सुनौलाबजार सडक | १ | |

### प्रदेश अनुदान (विशेष)

| क.सं. | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | तिनघरे खानेपानी ट्याङ्की निर्माण(एक घर एक धारा)। | ८ | |
| २ | कोशीखोला नदी नियन्त्रण योजना । | १ | |
| ३ | कल्लेरीटार सिंचाई योजना । | १ | |
| ४ | जलकन्या आ.वि. घेराबार तथा संरक्षण । | ५ | |

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रदेश अनुदान (समपुरक)**

| क्र.सं. | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | एक्लेसाल देखि २ नं वडा कार्यालयसम्मको सडक स्तरउन्नती । | २ | |
| २ | केउरेनी पक्की पुल मास्टार चोक फेदी चौतारा ज्यामिरे चौर सडक नाला ग्राभेल तथा कालोपत्रे निर्माण । | ४ | |
| ३ | फोस्रेटार पारिलाछाप डुम्रीचौर १ नं वडा कार्यालय जाने सडक स्तरउन्नती । | १ | |

**प्रस्ताव नं. ३: गाउँसभाको हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।**

**निर्णयः** गाउँसभाको हिउँदे अधिवेशन मिति २०८० माघ २२ गते सोमबार तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: १५ शैया अस्पतालको भेरिएसन अर्डर (VO2) सम्बन्धमा ।**

**निर्णयः** १५ शैया अस्पताल यथाशिघ्र निर्माण सम्पन्न गरि सञ्चालन गर्नका लागि भेरिएसन अर्डर (VO२) गर्नुपर्ने आवश्यकता देखिएकोले कुल कबोल अङ्कको २५ % नबढ्ने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: स्मारिका हेल्थ क्लिनिक संचालनको अनुमती सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं ७ मा रहेको स्मारिका हेल्थ क्लिनिकलाई स्वास्थ्य तथा सरसफाई ऐन, २०७८ को दफा ९ बमोजिम गठित निर्देशक समितिले स्थलगत निरिक्षण गरि मापदण्ड पूरा भए नभएको एकिन गरी अनुमती प्रदान गर्ने निर्णय गरियो।

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रस्ताव नं. ६ः गल्छी गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ः स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा।**

**निर्णयः** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, २०८० को नतिजा ७६.७५ प्रतिशत स्विकृत गरियो ।

**प्रस्ताव नं. ८ः फोहोर मैला व्यवस्थापनको लागि अतिरिक्त समय काम गरेको भुक्तानी सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको फोहोर मैला व्यवस्थापनको लागि अतिरिक्त समय काम गरेको यस गाउँपालिकामा कार्यरत टिपर चालक कर्मचारीलाई मासिक रु पाँच हजार मात्र खर्च शिर्षक फोहोरमैला व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. ९ः बालमैत्री घोषणाका लागि सूचक पूरा गर्ने सम्बन्धमा।**

**निर्णयः** गाउँपालिका भित्रका विद्यालयको १०० मिटर हाताभित्र मदिरा, चुरोट, खैनी जस्ता सुर्तीजन्य पदार्थको बेचबिखन पुर्णरुपमा निषेध गरी १८ वर्षमुनिका सबै बालबालिका लगाएत ड्रेसमा रहेका कलेजका विद्यार्थी समेतलाई त्यस्ता पदार्थको बेचबिखन ओसारपसार नगर्न नगराउन सबै पसल ब्यवसायीहरुलाई अनुरोध गर्ने र उल्लङ्घन गरेमा पहिलो पल्टको लागी सचेत गर्ने र दोस्रो, तेस्रो र चौथो पटक उल्लङ्घन गरेमा क्रमश रु एक हजार, दुई हजार र पाँच हजार जरिवाना सहित पसल समेत बन्द गर्ने निर्णय गरियो । साथै गाउँपालिकाबाट पुरा गर्नुपर्ने सुचकहरु मिति २०८० फाल्गुन मसान्त भित्र पुरा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०ः गल्छी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ संशोधन सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**गल्छी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न बनेको मस्यौदा २०८०**

प्रस्तावनाः गल्छी गाउँपालिकाले स्वीकृत गरी लागु गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ का केही दफाहरुमा संशोधिन गरी समसामयिक विषयवस्तुलाई समेटी आर्थिक सहायता सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले यो संसोधन मस्यौदा तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको छ।

१) आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ (यसपछि मूल कार्यविधि भनिएको)को दफा २ को खण्ड (ग) मा संशोधनः आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को खण्ड 'ग' "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपुर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडीत व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पिडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागारमा वा हिरासतमा रहेको वा कुनै कसुरसँगै सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण वा यौन दुर्व्यवहार वा बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पिडीत, आमा बाबु वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, सडक बालबालिका, एच आई भि एडसबाट संक्रमित बालबालिका, बेसहारा, वृद्धवृद्धा, गर्भवती महिला, प्रकोप (प्राकृतिक वा गैह्र प्राकृतिक) पिडित भन्ने व्यक्ति पछी "सबै प्रकारका अपाङ्गता परिचय प्राप्त व्यक्ति र गाउँपालिकाभित्रका सम्पूर्ण दलित व्यक्ति" भन्ने शब्दहरु थपिएको छ ।

२) मूल कार्यविधिको दफा ८ मा संशोधनः

१) मूल कार्यविधिको दफा ८ को उपदफा २ पछि देहायको उपदफा ३ थपीएको छ।

उपदफा (३) गाउँपालिका भित्र स्थायी बसोबास भएका सम्पूर्ण दलित परिवारको स्वास्थ विमाको नयाँ र नविकरण शुल्क समेतको जम्मा लागतको ५० प्रतिशत र सबै प्रकारका अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको पाँच जना सम्मको परिवारको स्वास्थ्य विमाको नयाँ र नविकरण शुल्क समेतको सम्पूर्ण लागत पर्याप्त प्रमाणको आधारमा गाउँपालिकाबाट भुक्तानी गरिने छ।

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रस्ताव नं. ११: जेष्ठ नागरिकको परिचय पत्र वितरणको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णयः** जेष्ठ नागरिक परिचय पत्र गाउँकार्यपालिकाको कार्यालयबाट वितरण गर्दै आएकोमा जेष्ठ नागरिकहरुलाई कार्यपालिकाको कार्यालयमा आउँदा जाँदा लाग्ने समय लागत र कठिनाईका साथै सेवा प्रवाहमा ढिलासुस्ती भई त्यस्ता नागरिकहरुले हैरानी बेहोर्नुपरेकोले सम्बन्धित वडाबाट परिचयपत्र वितरण गर्दा चाहिने आवश्यक प्रमाणहरु लिई अभिलेख राखी वितरण गर्ने व्यवस्था सहित अधिकार प्रत्यायोजन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२: बालवस्तुगत विवरण सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको बालवस्तुगत विवरण, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाका तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता शिर्षक उद्दार, राहत तथा पुनर्स्थापना खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | निवेदकको नाम | वडा नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिमसेन सार्की | ८ | आगलागी | १०००० | |
| २ | राम बहादुर तामाङ | ५ | रक्तअल्पता | २०००० | |
| ३ | प्रमिला खड्का | १ | उपचार खर्च | २०००० | |
| ४ | इन्द्र कुमारी मगर | १ | उपचार खर्च | २०००० | |

**प्रस्ताव नं. १४: बालमैत्री घोषणाको लागि कार्ययोजना सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकामा बालमैत्री घोषणाको लागि तपसिलको कार्ययोजना स्वीकृत गरियो ।

प्रमाणित

११/८

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रस्ताव नं. १५: प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको निर्णय सम्बन्धमा।**

**निर्णयः** मिति २०८० माघ २ गते मङ्गलबार भएको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६: सार्वजनिक शौचालय निर्माण सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको चालु आ.व. को स्वीकृत वार्षिक बजेटको सि.नं. ११३ शिर्षक सार्वजनिक शौचालय निर्माणमा विनियोजित रु बीस लाख रकम गाउँसभाबाट अनुमोदन गर्ने गरि तपसिल बमोजिमको योजनामा विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक शौचालय निर्माण वडा नं ४ | दश लाख | |
| २ | सार्वजनिक शौचालय निर्माण वडा नं ७ | दश लाख | |

**प्रस्ताव नं. १७ : बाढी पहिरो पिडितको राहत सम्बन्धमा ।**

**निर्णयः** गाँपालिकाका विभिन्न वडाहरुमा वर्षायाममा आएको बाढी पहिरोका कारण तपसिल बमोजिमको व्यक्तिहरुलाई शिर्षक विपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिमको रकम राहत स्वरुप वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५ | सुन बहादुर तामाङ | बाढी/पहिरो | १०,००० | |

**प्रस्ताव नं १८: निर्णय संशोधन सम्बन्धमा ।**

**निर्णयः** मिति २०८० पौष ४ गतेको कार्यपालिका बैठकको निर्णय नं ११ को क्र.सं. १२ मा रहेको योजना कुल देउता मन्दिर निर्माण, वडा नं ४ मा रु आठ लाख रकम हुनुपर्नेमा अन्यथा भएकोले सच्याइ विनियोजन गरिएको छ ।

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

**प्रस्ताव नं. १९: योजना सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाको आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक बजेटको तपसिल बमोजिमको शिर्षकबाट तपसिल बमोजिमको योजनामा भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | पोखरी गाउँ साँदीखोला लामा डाँडा बाटो निर्माण वडा नं ३ | १,००,००० | अन्य सार्वजनिक निर्माण वडा नं ३ | ८,००,००० |
| २. | बालमैत्री वडा घोषणा कार्यक्रम वडा नं ३ | २००००० | अपाङ्ग महिला दलित सिप विकास तथा बालमैत्री वडा घोषणा कार्यक्रम, वडा नं ३ | ७००००० |
| ३. | गाई भैसी सुत्केरी दाना वितरण कार्यक्रम, वडा नं ३ | १,५०,००० | विविध खर्च, वडा नं ३ | ८००००० |
| ४. | पुछारघट्ट चिरौदी खोलामा भोपु निर्माण वडा नं ४ | ३,००,००० | अन्य सार्वजनिक निर्माण, वडा नं ४ | १९,००,००० |
| ५. | ठाटीचौर स्कुलदेखि तल्लो बारीसम्म सिढी निर्माण वडा नं ४ | १००००० | | |
| ६. | सिरानघट्टबाट गहते जाने सिढी निर्माण वडा नं ४ | १००००० | | |
| ७. | विष्णु खड्काको घरबाट डाँडापाटोसम्म सिढी निर्माण वडा नं ४ | १००००० | | |
| ८. | लामाचिरा चौतारा निर्माण वडा नं ४ | १००००० | | |
| ९. | वडा नं ४ खेलकुद सामाग्री खरिद | १२०००० | | |
| १० | वडा नं ५ मा विद्युत सेवा विस्तार तथा मर्मत | ७००००० | विद्युत सेवा विस्तार तथा मर्मत | १०००००० |
| ११ | विरुवा (कोषिखोला) विद्युत विस्तार, गल्छी १ | ५०००० | | |
| १२ | सालटार घर्तिटार विद्युत मर्मत तथा विस्तार, गल्छी १ | २५०००० | | |
| १३ | थुम्कीडाँडा(घर्तिटार) मा बाल उद्यान तथा कबर्ड हल निर्माण, थुम्कीडाँडा (घर्तिटार) गल्छी १ | १००००० | मागमा आधारित विकास योजना (सडक, खानेपानि, सिंचाई, विद्युत तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम) | |
| १४ | सोलार बत्ती मर्मत | ५८५००० | | |

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ७, मितिः २०८० माघ ५

## निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| १५ | विविध खर्च, वडा नं ८ | ३१०००० | एम्बुलेन्स संचालन तथा मर्मत | ६००००० |
| १६ | थाकलको पात र मकैको खोस्टा प्रयोगमा आधारित हस्तकलाका सामग्री उत्पादन गर्ने तालिम कार्यक्रम | १२००००० | सिप विकास तालिम कार्यक्रम | १८००००० |

**प्रस्ताव नं २०: शिक्षण प्रोत्साहन अनुदान उपलब्ध।**

**निर्णय:** गल्छी गाउँपालिका वडा नं २ स्थित कल्लेरी मावि लेखा विषयको शिक्षण गर्ने शिक्षकको अभाव भएकोमा विद्यालयको लेखापाललाई उक्त जिम्मेवारी विद्यालयले प्रदान गर्दै आएकोमा अर्को व्यवस्था नभईन्जेल निज शिक्षकलाई मिति २०८० साउनदेखि नै लागु हुने गरी पालिकाको शिक्षण सहायता अनुदानबाट निजले खाईपाई आएको तलबमा मासिक रु. तिन हजारका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं २१: तह वृद्दी सम्बन्धमा।**

**निर्णय:** गल्छी गाउँपालिकामा कार्यरत नेपाल प्रशासन सेवा लेखा समुह लेखा अधिकृत सातौं तहमा कार्यरत श्री राम प्रसाद आचार्यलाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० को उपदफा १ बमोजिम सोही सेवा समुहको बरिष्ठ लेखा अधिकृत आठौं तहमा तह वृद्दी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २२: तलब स्केल सम्बन्धमा ।**

**निर्णय:** नेपालको संविधान बमोजिम नेपाल सरकारबाट स्थानीय तह घोषणा हुँदाका बखत कायम गरिएका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको पद गाउँपालिकामा आठौं तह र नगरपालिकामा नवौं/दशौं तहको दरबन्दी सृजना गरी पद कायम गरिएको हुँदा यस गल्छी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई आठौं तहको तलब भत्ता खुवाउनु पर्नेमा निजले छैठौं तहको हुने समान तलब स्केल खाइपाइ आएको हुँदा दरबन्दी अनुसारको स्केल तलबले हुन आउने तलब भत्ता खुवाउने व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २३: सडक बोर्ड नेपालसंगको योजना साझेदारी सम्बन्धमा।**

**निर्णय:** सडक बोर्ड नेपालबाट चालु आ.ब.मा विनियोजन भएको योजनाको लागि आवश्यक लागत साझेदारीको रकम शिर्षक मागमा आधारित विकास योजना (सडक, खानेपानि, सिंचाई, विद्युत तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम)बाट भुक्तानी गर्ने निर्णय गरियो ।